**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुरको सूचना**

**विज्ञ सूची (Roster) तयारीका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना !**

(सूचना प्रकाशन मिति २०७५/०४/१६)

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक लेखनलगायतका कार्यलाई प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उदेश्यले तपसिलबमोजिमका विषयहरूमा विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिले निम्नानुसारको विवरणसहित यस केन्द्रमा आइपुग्ने गरी रु. १० को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**१. विषयहरू**

(क) प्रारम्भिक बालशिक्षादेखि आधारभूत तह (कक्षा ६"८) र माध्यमिक तह (कक्षा ९-१२) सम्मका अनिवार्य तथा ऐच्छिक विषयहरू

(ख) माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरू

(ग) गुरुकुल, संस्कृत, वेद विद्याश्रम, मातृभाषा, मदरसा र गोन्पातर्फका विषयहरू

**२. सर्तहरू**

(क) विज्ञहरूको सूची दर्ता सम्बन्धी निवेदन पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लिखित कुराको पुष्ट्याइँ हुने कागजातहरू संलग्न हुनुपर्ने छ।

(ख) बुँदा न. १ को (क), (ख) र (ग) का विषयहरूका सन्दर्भमा सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण, कक्षा ११ र १२ को हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषयको प्राध्यापक वा पाठ्यक्रम विज्ञ वा विषय विज्ञ वा सम्बन्धित विषयको लेखक वा शिक्षक हुनुपर्ने छ।

(ग) बुँदा न. १ को (घ) र (ङ) का विषयहरूका सन्दर्भमा सम्बन्धित विषयमा न्यूनतम स्नातक उत्तीर्ण गरी सो विषयको प्राध्यापक वा शिक्षक वा पाठ्यक्रम विज्ञ वा विषय विज्ञ वा विषयविद् वा सम्बन्धित विषयको लेखक हुनुपर्ने छ। सम्बन्धित विषयमा स्नातक नभएको अवस्थामा सम्बन्धित तहमा सो विषयको शिक्षण वा सम्बन्धित विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास सम्बन्धी कार्य गरेको विषय विज्ञ वा विषयविद् हुनुपर्ने छ।

(घ) विज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ।

(ङ) योग्यता र अन्य कागजात (स्थायी लेखा न. प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७४/०७५ को कर विवरण पेस गरेको कागजात) का प्रतिलिपिमा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ, साथै इमेलबाट आवेदन पठाउने आवेदकहरूले योग्यताको प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र अन्य कागजात स्क्यान गरी पठाउनुपर्ने छ।

(च) विज्ञ सूची सम्बन्धी विषयहरूको विस्तृत विवरण केन्द्रको वेबसाइट www.moecdc.gov.np बाट प्राप्त गर्न सकिने छ।

(छ) इमेल ठेगानाः info@moecdc.gov.np वेबसाइट www.moecdc.gov.np

**थप जानकारीका लागि सम्पर्क फोन : ०१-६६३०५८८, ०१-६६३४९१६**

मितिः २०७५।.....।....

श्री पाठ्यक्रम विकास केन्द्र,
सानोठिमी भक्तपुर ।

विषयः विषय विज्ञमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा पाठ्यक्रम विकास केन्दमा देहायबमोजिमका विषयमा विज्ञका रूपमा सूचीकृत हुन तपसिलका विवरणसहित यो निवेदन पेस गरेको छु ।

सही .........................
निवेदकको नामः

**तपसिल**

नाम थरः पान नं.:

स्थायी ठेगानाः ................. जिल्ला, .................... नपा/गाविस,................वडा, ...........टोल

सम्पर्क नं. ............................ इमेलः ......................................................................

कार्यरत भए संस्थाको नामः ........................................... ठेगानाः ..........................

(क) विषय विज्ञका रूपमा सूचीकृत हुन चाहेका बढीमा २ विषय प्राथमिकता क्रममा राख्ने

| क्र.सं. | विज्ञका रूपमा सूचीकृत हुन चाहेको विषय | विज्ञ सूचीमा रहन चाहेको तह/क्षेत्र | विषयसँग सम्बन्धित सम्पादन गरेको कार्य र अनुभव वर्ष |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

(ख) शैक्षिक योग्यता ( विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्ला योग्यता भए सोसमेत)

| उपाधि | अध्ययन गरेका विषयहरू | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक, सन्दर्भसामग्री, लेख रचना लेखन, अनुसन्धान आदि कार्य गरेको भए

| क्र.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

सही...............................